# संवादमा विविधता

एउटा समान र समावेशी समाजले सबै मार्ग र अनुभवहरूको आवाजहरूको समावेशीकरणको माग गर्दछ । सबैभन्दा ठूलो र सबैभन्दा परिचित आवाजहरूलाई मात्र केन्द्रविन्दुमा नराखी फरक विचारहरूसहित हाम्रो समाजमा विद्यमान विविध विज्ञता र अनुभवलाई मान्यता प्रदान गरिनुपर्ने यसले माग गर्दछ ।

महिला र ऐतिहासिक रुपमा सीमान्तकृत समूहहरू जस्तैः लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायका सदस्य, युवा र जातीय अल्पसङ्ख्यकहरूको सार्वजनिक मञ्चहरूमा अझै पनि न्यून प्रतिनिधित्व रहेको छ । धेरै हदसम्म एउटै समूह, प्रायः सबै पुरुष र एउटै सामाजिक तथा आर्थिक पृष्ठभूमिका व्यक्तिहरू समावेश हुने प्यानलहरूले महिला र अन्य सीमान्तकृत समूहहरूको न्यून र गलत प्रतिनिधित्वलाई बढावा दिने काम गर्छन् । यसको परिणामस्वरुप बहुल तर्कहरू र विज्ञतालाई निरुत्साहित गर्दै एकल कथन तथा विश्वासहरू पुनःस्थापित हुनजान्छन् । जनताले वैधानिक विज्ञका रुपमा हेर्ने आदर्श व्यक्तिहरूको विविधतालाई पनि यसले कमजोर तुल्याउने काम गर्छ । **अझ समावेशी प्रतिनिधित्वका लागि सचेत विकल्प रोज्ने समय यही हो, संवादमा विविधता सिर्जना गर्ने प्रतिबद्धतामा हामीलाई साथ दिनुहोस् ।**

ADB
Australian Government
British Embassy Kathmandu
BRITISH COUNCIL

European Investment Bank
Ministry for Foreign Affairs of Finland
AMBASSADE DE FRANCE AU NÉPAL
*Liberté Égalité Fraternité*
Embassy of the Federal Republic of Germany Kathmandu

JICA Japan International Cooperation Agency
Norwegian Embassy *Kathmandu*
Embassy of the Republic of Korea
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडिसि

SNV
UNITED NATIONS NEPAL
USAID FROM THE AMERICAN PEOPLE
THE WORLD BANK IBRD • IDA | WORLD BANK GROUP



## आयोजकहरूका लागि स्मरणसुची :

०१ म्यानल (सबै पुरुषहरू भएको प्यानल)हरूलाई अस्वीकार गर्दै प्यानलहरूमा महिलाहरूको प्रतिनिधित्व बढाउनुहोस् ।

०२ कार्यक्रमहरूको योजना बनाउँदा, वक्ता र सहभागी दुवैमा प्रतिनिधित्व बढाउन निम्नलिखित सूची जाँच गर्नुहोस् :

- लिङ्ग
- जात, जातियता र अल्पसङ्ख्यक समुदायका प्रतिनिधिहरू
- सामाजिक तथा आर्थिक हैसियत
- विभिन्न प्रकारका अपाङ्गता
- उमेर
- भौगोलिक क्षेत्र (स्थान)
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, र धार्मिक समुदाय जस्ता अल्पसङ्ख्यकहरू

०३ सार्वजनिक मञ्चहरूमा सीमित पहुँच भएका व्यक्तिहरूका विविध विचार र सान्दर्भिक दृष्टिकोणहरूलाई बाहिर ल्याउने उपायहरूको खोजी गर्नुहोस् ।

०४ प्यानल र दर्शक (सहभागी)हरूमा समावेशिता प्रवर्द्धन् गर्न सम्भव भएको अवस्थामा, प्यानल/सम्मेलन/बैठकहरूमा समावेशी सहभागिता सुनिश्चित गर्न मातृभाषा (स्थानीय) को प्रयोगलाई सहजीकरण गर्ने प्रयास गर्नुहोस् ।

०५ अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सहजीकरण गर्न सांकेतिक भाषामा अनुवाद, closed captioning र अन्य पहुँचयुक्तताका उपायहरू अवलम्बन गर्नुहोस् ।

०६ लैङ्गिक सन्तुलन र विविधतामा सुधार ल्याउन विभिन्न क्षेत्रका विज्ञहरूको सूची तयार गरी त्यसको प्रयोग गर्नुहोस् । प्यानलमा सन्तुलन र समावेशिता कायम गर्नका लागि बोजु बजैद्वारा आयोजित निः शुल्क डाटाबेस ब्यालेन्स द प्यानलमा महिला तथा गैर-द्वयसांखिक विशेषज्ञहरूका सूची प्रयोग गर्न सकिन्छ । यस डाटाबेस नियमित रुपमा अपडेट गरिन्छ ।

०७ विविधतापूर्ण प्यानलिस्टहरूको सहभागिताका लागि सुहाउँदो वातावरण सिर्जना गर्न कार्यक्रममा सहभागी हनुका लागि प्यानलका सदस्यहरूलाई कुनै सहयोग आवश्यक छ कि भनेर सोध्नुहोस् । त्यसका लागि केही सुझावहरू तल दिइएका छन् :

- कार्यक्रमको समयको योजना बनाउँदा, हेरचाहजन्य जिम्मेवारीलाई मिल्ने गरी बैठकको समय निर्धारण गर्दा लचकता अवलम्बन गर्नुहोस् ।
- बैठकहरूमा पहुँच सहज बनाउन वक्ताहरूका लागि आवश्यक सहयोग उपलब्ध गराउनुहोस्, र महिला तथा सीमान्तकृत समूहहरूको आवाज र सङ्गठन सुदृढ तुल्याउन आवश्यक तयारीमा मद्दत गर्नुहोस् ।

०८ लैङ्गिकतासम्बन्धी विद्यमान रुढिवादी सोचलाई बढावा नदिने गरी र समान हैसियतमा उभिने अवसर प्रदान गर्ने गरी महिला तथा सीमान्तकृत समूहहरूको उचित प्रचारप्रसार भएको सुनिश्चित गर्नुहोस् ।

०९ लैङ्गिक रुपमा संवेदनशील भाषा र स्वीकार्य सर्वनामको प्रयोगलाई प्रर्वद्धन् गर्नुहोस् ।

१० कार्यक्रमहरूको आयोजना गर्दा महिला तथा अल्पसङ्ख्यकहरूको स्वामित्वमा रहेको व्यवसायहरूका सेवा र वस्तुहरूको खरिदलाई प्राथमिकता दिनेतर्फ ध्यान दिनुहोस् ।

## प्यानलिस्टहरूका लागि स्मरणसुची :

०१ यदि प्यानलहरूले विविधतालाई प्रवर्द्धन गरिरहेका छैनन् भने छलफललाई समृद्ध बनाउन विविधतापूर्ण विचार तथा दृष्टिकोणलाई स्थान दिनेतर्फ सोच्न आयोजकहरूलाई प्रोत्साहित गर्नुहोस् । विविधतापूर्ण वक्ताहरूको पहिचान गर्न उपलब्ध स्रोतहरू सद्भाउने र आफ्नो सम्पर्क सञ्जालको उपयोग गर्नुहोस् ।

०२ विविधता सुनिश्चित गर्न कुनै कदम नचालिएको अवस्थामा कार्यक्रमबाट आफ्नो नाम फिर्ता लिनेतर्फ विचार गर्नुहोस् ।

०३ आवश्यक भएमा मञ्चमा विविधताको अभावबारे आफ्नो अभिमतको प्रयोग गर्नुहोस्, र उचित प्रतिनिधित्व विना छलफल पूर्ण नहुनेतर्फ दर्शकहरूलाई सचेत गराउनुहोस् ।

०४ लैङ्गिक रुपमा संवेदनशील भाषा र स्वीकार्य सर्वनामको प्रयोगलाई प्रवर्द्धन् गर्नुहोस् ।

